Sanjen Jalavidhyut Company Limited

Unaudited Statement of Financial Position

As on 29th Paush 2081 (13th January-2025)

(Figure in NPR'000')

Particulars	This Quarter Ending 2081.09.29 (2025.01.13)	Previous Quarter Ending 2081.06.30 (2024.10.16)	Corresponding Previous Year Quarter Ending 2080.09.29 (2024.01.14)
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment	12,729,076.02	3,203,401.69	814.51
Project Capital Work in Progress	-	9,520,804.80	12,228,962.00
Total Non-Current Assets	**12,729,076.02**	**12,724,206.49**	**12,229,776.51**
Current Assets			
Inventories	104,674.49	29,929.04	2,359.03
Prepayments	5,321.78	1,893.40	67.83
Financial Assets:			
Advances to Contractors and Consultants	57,486.75	58,804.32	69,885.42
Deposits and Margin	1,569.50	1,569.50	3,210.81
Current Tax Assets	12,118.15	11,907.34	14,024.49
Term Deposits with Banks	270.00	270.00	270.00
Electricity sales Receivables	147,488.07	37,366.16	69,999.00
Other Financial Assets(Advance)	78,225.22	61,010.76	49,800.87
Bank Balances	46,503.03	99,432.08	80,428.13
Total Current Assets	**453,656.99**	**302,182.60**	**290,045.58**
TOTAL ASSETS	13,182,733.01	13,026,389.09	12,519,822.09
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	3,650,000.00	3,650,000.00	3,650,000.00
Accumulated Profit/(Loss)	(531,879.52)	(451,194.66)	(205,340.23)
Total Equity	**3,118,120.48**	**3,198,805.34**	**3,444,659.77**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities:			
Borrowings(Long Term EPF)	9,428,262.54	9,192,899.13	8,515,848.00
Other Non-current Liabilities	261,684.25	258,061.79	253,017.80
Total Non-Current Liabilities	**9,689,946.79**	**9,450,960.92**	**8,768,865.80**
Current Liabilities			
Provisions	2,166.80	14,495.34	13,356.05
Financial Liabilities:			
Borrowings (Short Term)	330,000.00	330,000.00	240,000.00
Other Financial Liabilities and Payables	42,498.94	32,127.49	52,940.47
Total Current Liabilities	**374,665.74**	**376,622.83**	**306,296.52**
TOTAL EQUITY AND LIABILITIES	13,182,733.01	13,026,389.09	12,519,822.09

SANJEN JALAVIDHYUT CO.LTD.

Sanjen Jalavidhyut Company Limited
Unaudited Statement of Profit or Loss
From 1st Srawan 2081 to 29th Paush 2081 (17th October 2024 to 13th January 2025)

(Figure in NR'000')

Particulars	This Quarter Ending 2081.09.29 (2025.01.13)	Previous Quarter Ending 2081.06.30 (2024.10.16)	Corresponding Previous Year Quarter Ending 2080.09.29 (2024.01.14)
Revenue			
Sales of Electricity	213,955.50	63,441.16	71,441.92
Cost of Sales			
Direct Costs (Hydropower Plant)	(36,451.40)	(12,927.77)	-
Royalty	(11,171.48)	(1,720.09)	-
Gross Profit	**166,332.62**	**48,793.30**	**71,441.92**
Employee Benefits	(9,613.08)	(5,371.80)	(16,550.90)
Operating and Administrative Expenses	(12,316.08)	(4,074.36)	(24,993.94)
Depreciation and Amortization	(102,004.26)	(36,346.31)	(600.02)
Profit From Operation	**42,399.20**	**3,000.82**	**29,297.06**
Other income	3.52	10.74	7,078.87
Finance income	676.68	404.97	603.52
Finance Cost	(174,435.75)	(57,496.35)	-
Exchange Gain / (loss)	(4,301.00)	(892.67)	(1,270.04)
Profit Before Bonus and Tax	(135,657.35)	(54,972.49)	35,709.41
Provision for Bonus	-	-	-
Income Taxes	-	-	-
Net Profit	(135,657.35)	(54,972.49)	35,709.41

अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०८१/०८२ को दोश्रो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :

(क)त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तिय सूचकहरू:**

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रु (७.४३), प्रतिशेयर नेटवर्थ रु ८५.४३ र प्रतिशेयर कुल सम्पतिको मुल्य रु ३६१.१७ रहेको छ ।

यस त्रैमास अवधिमा सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा) को समेत परीक्षण उत्पादन समाप्त भएपश्चात् व्यापारिक उत्पादन मिति २०८१ पुष १ गतेदेखि शुरु भएको छ । यसै त्रैमासिक अवधिमा नेपाल विद्युत प्राधिकरणबाट निर्माणाधिन चिलिमे त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न भएकोले दुबै आयोजनाबाट उत्पादित विद्युत शक्ति सोही प्रशारण लाइनबाट प्रवाह भइरहेको छ ।

२. व्यवस्थापकीय विश्लेषण:

(क) स्थिर सम्पत्ति (Property Plant and Equipment) शिर्षकमा विगत आ.व. को दोश्रो त्रैमासिक विवरणको तुलनामा यस आ.व. मा उल्लेख्य मात्रामा वृद्धि भएको छ । गत आ.व. मा आयोजनामा खर्च भएको रकम चालू पूँजिगत कार्यमा देखाइएकोमा यस अवधिमा भने पूँजीकरण गरी स्थिर सम्पत्तिमा देखाइएको हुँदा वृद्धि हुन गएको हो ।

(ख) चालू पूँजीगत कार्यमा देखाइएको रकमलाई यस अवधिमा पूँजिकरण गरिएकोले यस शिर्षकमा रकम शुन्य हुन गएको छ ।

(ग) मौज्दात (Inventories) मा देखाइएको रकममा सान्जेन (माथिल्लो) तथा सान्जेन जलविद्युत केन्द्रमा जडित उपकरणहरुका लागि आवश्यक पर्ने जगेडा पुर्जाहरुको रकम समेत समावेश भएकोले गत आ.व. मा भन्दा वृद्धि हुन गएको देखिन्छ ।

(घ) Electricity sales Receivables मा गत आ.व. मा सान्जेन (माथिल्लो) बाट उत्पादित विद्युत शक्ति बिक्री गरिएको मासिक बिल मात्र देखाइएकोमा यस आ.व. मा दुईवटै आयोजनाको मासिक बिल समावेश भएकोले बृद्धि हुन गएको छ ।

(ङ) व्यवस्थाहरु (Provisions) अन्तर्गत कर्मचारीको बिदा बापतको भुक्तानी दिनु पर्ने रकमलाई यस आ.व. मा अल्पकालिन दायित्वमा देखाइएको हुँदा उल्लेखित शिर्षकमा न्युन हुन गएको छ ।

(च) गत आ.व. मा सान्जेन (माथिल्लो) जलविद्युत केन्द्रबाट मात्र उत्पादन भएकोमा यस आ.व. मा भने २०८१/०९/०१ देखि दुवै आयोजनाबाट विद्युत शक्ति उत्पादन भै आपूर्ति गरिए बमोजिम बिक्रीमा देखाउँदा वृद्धि हुन गएको छ ।

(छ) प्रत्यक्ष खर्च (Direct Costs) अन्तर्गत गत आ.व. को दोश्रो त्रैमासिक अवधिसम्म पनि पूँजिकरण नगरिएको र सबै खर्चहरुलाई पूँजिकरण गरिएकोले यस अवधिमा मात्र प्रत्यक्ष खर्च देखिएको छ ।

(ज) यस त्रैमासिक अवधिमा सान्जेन (४२.५ मे.वा.) जलविद्युत आयोजनाको ह्रास खर्च र ब्याज समेत थप हुँदा नोक्सानी पनि सोही अनुसार वृद्धि भएको छ ।

(झ) गत आ.व मा सबै ब्याज खर्चहरुलाई पूँजिकरण गरिएकोमा यस अवधिमा भने पूँजिकरण गरिएपश्चातको ब्याजलाई नाफा/(नोक्शान) खातामा समावेश गरिएकोले ब्याज खर्च वृद्धि हुन गएको छ ।

(ञ) यस त्रैमासिक अवधिमा सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.) को ठेक्का सम्झौता बमोजिम आवश्यक स्पेयर पार्ट्स् प्राप्त भएको हुँदा स्टोर मौज्दातमा वृद्धि भएको छ ।

(ट) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको ब्याज बाहेकको शुरु लागत अनुमान रु. ५ अर्ब २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्ब २१ करोड ८० लाख गरी कुल रु. ७ अर्ब २४ करोड २२ लाख (बैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । विविध कारणले आयोजनाको निर्माण अवधि लम्बिदै जाँदा निर्माण अवधिको ब्याज, विदेशी मुद्राको सटही दरमा

भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन, जस्ता कारणबाट अयोजना लागत पनि सोही अनुसार वृद्धि भएको छ।

३.कानुनी कारवाही सम्वन्धी विवरण :

यस सम्बन्धमा कुनै कैफियत नभएको ।

४.संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :

(क) सेयरको बजार मूल्यमा असाधारण तरिकाले थप / घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोवार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

सेयरको अधिकतम् मूल्य (रू.)	सेयरको न्यूनतम् मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३९३/७०	३२३/-	३५५/९०	५५	१३९३८

५.समस्या र चुनौती :

आयोजना निर्माणको चरणमा विभिन्न बाधा अवरोध आइपरेको हुँदा यसको असर आयोजना लागतमा देखिएको छ । फलत कर्मचारी सञ्चय कोषबाट सावा रकम थप गर्नु पर्नाका साथै ब्याज पूजीकरण हुदै जाँदा निर्माण लागत मध्येको ऋण पूँजीको आकार वृद्धि हुदै गएको छ । यस्तो पूँजीकृत ऋण रकम साथै ब्याज समेतको किस्ता भुक्तानी गर्नु पर्ने साथै शेयरधनीहरुलाइ प्रतिफल समेत दिनु पर्ने भएकोले वित्तिय व्यवस्थापन गर्नु कम्पनीको लागि मुख्य चुनौतिको रुपमा देखिएको छ ।

उल्लेखित समस्यालाइ केही हदसम्म सम्बोधन गर्ने प्रयास स्वरुप कर्जा रिपेमेन्ट अवधि र ब्याजदरलाइ समय सापेक्ष पूनरावलोकन गरिदिन कर्मचारी सञ्चय कोषलाइ अनुरोध गरिएकोमा ऋणको ब्याजदर ८.२५ प्रतिशत कायम भएको छ भने कर्जा अवधिपनि शुरुमा कायम भएको पुर्नभुक्तानी अवधि पनि पुर्नतालिकीकरण गरिनेछ ।

६.संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्वयन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुट्टै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मकोलागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७. अन्य:

(क) दिर्घकालिन ऋणपूंजी कर्मचारी सञ्चय कोषबाट लगानी भएको छ । उक्त कर्जाको परिमार्जित वार्षिक ब्याज दर हाल ८.२५ प्रतिशत रहेको छ । दिर्घकालीन कर्जाको ब्याज प्रत्येक तीन/तीन महिनामा पूँजीकरण गर्ने गरिएको थियो । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म ब्याज पूँजीकरण हुँदै आएकोमा दुवै आयोजनाहरुबाट ब्यापारिक उत्पादन शुरु भएकोले सोही अवधिदेखि लागू हुने गरी ब्याजलाई नाफा नोक्सान खातामा समावेश गरिएको छ । कम्पनीको वितिय आवश्यकता पुरा गर्न श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रु. ३३ करोड अल्पकालिन सापटी स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ जसको लेखांकन अल्पकालिन ऋण अन्तर्गत वासलातमा देखाइएको छ ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.

विगतमा भोल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरु भुकम्प, बाढी पहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतीमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ, भुकम्प, कोभिड-१९,सीमा अवरोध लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुन ढिलाइ भएको छ।

उल्लेखित जलविद्युत आयोजनाहरुबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार यूनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री हुँदै आएको छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिक खर्चहरुको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको ब्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने ब्याज भुक्तानि गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । दुवै जलविद्युत आयोर्जनाबाट व्यापारिक उत्पादन शुरु भइसकेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि बढाइने छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने ।

७.प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरूलाइं समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महसुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाइं सधै स्वागतयोग्य कदम ठान्ने छु।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD2010

अनुसूची— १६
(नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरू:

१ संगठित संस्थाको विनियममा संशोधन भएमा – छैन।
२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) – छैन।
३ तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती – छैन।
४ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/विक्री सम्बन्धी विवरण – छैन।
५ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण –छैन।
६ व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण – छैन।
७ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण – छैन।
८ लेखापरीक्षक परिवर्तन भएमा
आ.व.२०८१/८२ का लागि श्री महालेखापरीक्षकको कार्यालयको सिफारिस वमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट चार्टर्ड एकाउन्टेन्ट श्री सुरेन्द्र वहादुर के. सी. लाई कम्पनीको वैधानिक लेखापरिक्षकको रुपमा नियुक्त हुने प्रक्रियामा रहेको।
९ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा – हाल संस्थागत प्रतिनिधित्व गर्नु हुने सञ्चालकहरु श्री रामजी भण्डारी र श्री लोकहरी लुईटेलको उमेर हदका कारण अवकाश भएकोले उक्त पदहरु रिक्त हुन गएको।
१० संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन।
११ शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – छैन
१२ व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन।
१३ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा –। छैन
१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।
१५ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन
१६ संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा –छैन।
१७ संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।
१८ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा– यस भन्दा अगाडि प्रकाशित विवरणमा भएको सामान्य परिवर्तनलाई समेत यस विवरणमा मिलाइएको छ।
१९ ठेगाना परिवर्तन भएमा – छैन।
२० व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।
२१ नामसारी दाखिल खारेज बन्द – छैन।
२२ कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर – छैन।
२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा – सम्पूर्ण शेयर पूँजी संकलन भएको हुदा सञ्चालकहरुको निर्वाचन गर्नु पर्ने हुदा निर्वाचनका लागी तय गरिएको मिति २०८० चैत्र ५ गतेको १३औं साधारण सभा स्थानीय रसुवावासीको माग र उच्च अदालत पाटनमा परेको रिटका कारण स्थगित गरिएकोले उक्त साधारण सभा चाडै सम्पन्न गरिनेछ।
२४ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।
२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – छ